**अदालतले भर्ने:**
**दर्ता नं.: ...................................**
**दर्ता मिति: .............................**

# श्री काठमाडौं जिल्ला अदालतमा

## मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ बमोजिम दायर गरिएको

**अभियोग-पत्र**

**आ.व.२०८०/८१ सालको नि.नं.**

**प्रदिप प्रसाद पाठकको** जाहेरीले नेपाल सरकार.......................................................................... **वादी**

**विरुद्ध:**

राम प्रसाद पाण्डेको छोरा, बागमती प्रदेश, जिल्ला काठमाडौं, का.म. न.पा.वडा नं.९ गौशाला बस्ने बर्ष ६४ को ओम प्रसाद पाण्डे (ना.प्र.प.नं.५२७०/२१/२०८/२३५३६/काठमाडौं)..................................**१** } **प्रतिबादी**

**मुद्दा : ठगी ।**

**मुद्दाको संक्षिप्त तथ्य:**

**१. प्रदिप प्रसाद पाठकको जाहेरी दरखास्त:**

मेरो नाममा कायम रहेको राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि. (यसपछि "कम्पनी" मात्र भनिएको) को ८,००,००० कित्ता (कि.नं.६१,५०,८६१ देखि ६९,५०,८६० सम्म) शेयर खरिद विक्री सम्बन्धमा उक्त कम्पनीका शेयरधनी राम प्रसाद पाण्डेको छोरा का.जि.का.म.पा.वडा नं. ९ बस्ने वर्ष ५४ को ओम प्रसाद पाण्डेले परल मुल्य रु.१०० का दरले खरिद गर्ने सहमती भई खरिद विक्रीको स्विकृतको लागि मिति २०७५।०३।१० मा कम्पनीमा निवेदन गरेकोमा कम्पनीको सञ्चालक समितिको मिति २०७५।०३।११ को बैठकले खरिद विक्रीको अनुमती प्रदान गरेको थियो । कम्पनीको शेयर खरिद विक्री अनुमती बमोजिम खरिद विक्रीको लिखत गर्ने क्रममा प्रति शेयर रु.१००।-को दरले जम्मा रु.८,००,००,०००/-(अक्षरुपी आठ करोड

मात्र) कम्पनी रजिष्ट्रारको कार्यालयमा शेयर लगत प्रमाणीत तथा अभिलेख गर्ने क्रममा सनाखत गरे पश्चात मात्र रकम दिने र रकमको व्यवस्था भए पछि दुवै पक्ष कम्पनी रजिष्ट्रारको कार्यालयमा उपस्थित भई शेयरको रकम चेक मार्फत लिने दिने सहमती भएको थियो । उक्त शेयर खरिद विक्रीको लिखत पश्चात शेयर खरिदकर्ता ओम प्रसाद पाण्डेसँग फोन तथा भेटेर शेयरको रकम भुक्तानी गर्नुहोस् भनी पटक पटक अनुरोध गर्दा समेत केही समय पर्खनु होस् मेरो रकम आउँदैछ रकम आउने वित्तिकै भुक्तानीको व्यवस्था गरौंला सोही समयमा तपाईले शेयर विक्री सम्बन्धी कागजात समेत कम्पनी रजिष्ट्रारको कार्यालयमा सनाखत गरी दिनु होला भन्ने गर्नु हुन्थ्यो । यसै क्रममा मिति २०७९/१२/१० गते शेयर खरिदकर्ता ओम प्रसाद पाण्डेलाई भेटी शेयर खरिद विक्रीको कागज गरेको लामो समय भयो मेरो शेयरको रकम दिनुहोस् अन्यथा कानून बमोजिम अगाडि बढने जानकारी गराएकोमा रिसायर तपाईको शेयर मेरो नाममा कम्पनी रजिष्ट्रारको कार्यालयवाट नामसारी दाखिला खारेज भई सकेको छ रकम दिन्न । सकेको गर्नुहोस् भन्नु भएकोले शेयरको स्थिती बुझ्न कम्पनी रजिष्ट्रारको कार्यालयबाट कागजात सारी लिँदा मेरो शेयर खरिदकर्ता ओम प्रसाद पाण्डेको नाममा नामसारी दाखिला खारेज भई मिति २०७५।३।२८ गते शेयर लगत प्रमाणित तथा अभिलेख भएको देखियो । विपक्षीले मेरो नाममा रहेको राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को १००।- दरको ८,००,००० थान शेयर खरिद गरी भुक्तानी गर्नुपर्ने रु.८,००,००,०००/-(अक्षरुपी आठ करोड) शेयर पछि भुक्तानी गर्ने विश्वास दिलाएकोमा भुक्तानी नगरी ठगी गरेकोले कानून बमोजिम कारवाही गरी मेरो ठगिएको रकम र सोको कानून बमोजिम हर्जना समेत दिलाई भराई पाउँ भनी **प्रदिप प्रसाद पाठकको जाहेरी दरखास्त** ।

२. **प्रतिवादी ओम प्रसाद पाण्डेले गरेको बयान:**

जाहेरवाला प्रदिप प्रसाद पाठकले जाहेरी दरखास्त साथ पेश गरेको मिति २०७५/०३/११ गतेको संचालक समिति राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को नाममा शेयर खरिद गरी कम्पनीको शेयरधनी बन्न पाउँ भनि ओम प्रसाद पाण्डेले पेश गरेको निबेदनको महलमा भएको दस्तखत म ओम प्रसाद पाण्डेको हो । हेरी चिन्ही सनाखत गरी दिएँ । मैले धनुषा जिल्ला रमदैया भवाडीमा राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि. संचालन गरी एम. बि.बि.एस (डाक्टर) र बि.एस्सी.नर्सिङ समेत अध्ययन अध्यापनको कार्य गर्ने गराउने विभिन्न डाक्टर, नर्स तथा विभिन्न टेक्निसयन समेतका कर्मचारीहरु राखि संचालन गर्दै आईरहेको थिएँ । रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि. मैले जाहेरवाला प्रदिप प्रसाद पाठकको ग्रुपलाई उधारोमा मिति २०७२ साल असार महिनामा बिक्रि गरेको हुँ । बिक्रि गर्दाको अवस्थामा फाउण्डेशनको ऋण रु.१८ करोड जति थियो । उक्त रकमको ऋण प्रभु बैंक लि.मा जाहेरवाला प्रदिप प्रसाद पाठक समेतको ग्रुपले बैंकमा ऋण तिर्ने भनि कुरा भए पनि निजहरुले ऋण नतिरी सोही फाउण्डेसनको नाममा प्रभु बैंकबाट विभिन्न शिर्षकहरु राखि रु.१७३ करोड ऋण लिई फाउण्डेसन चलाउन नसकी बैंकको ऋण समेत नतिरे पश्चात सो कुरा प्रभु बैंकले जाहेरवाला प्रदिप प्रसाद पाठकको ग्रुपलाई जानकारी गराई फाउण्डेसनको ऋण चुक्ता गर्नु होस्, नगरे उक्त फाउण्डेशन लिलामी प्रकृयामा जानेछ भनि जाहेरवाला समेतलाई बैंकले जानकारी गराई बैंकका कर्मचारीले प्रदिप प्रसाद पाठक लगायत निजको ग्रुप र मलाई प्रभु बैंक लि.केन्द्रिय कार्यालय बबरमहलमा बोलाउँदा हामीहरु प्रभु बैंक लि.को केन्द्रिय कार्यालयमा पुगेका थियौं । बैंकका कर्मचारीहरु, म ओम प्रसाद पाण्डे र जाहेरवाला प्रदिप प्रसाद पाठकको ग्रुप बिच छलफल हुँदा उक्त फाउण्डेशन पुन मैले संचालन गर्ने, फाउण्डेशनको नाममा बैंकमा रहेको

ऋण, निजहरुले संचालन गर्दा कर्मचारीहरुलाई नदिएको तलब, बिजुली बत्तीको रकम समेत मैले बुझाउने गरी मैले पुन संचालन गर्ने भनि हामीहरु बिच प्रभु बैंक लि.मा कुराकानीहरु भएको थियो । निजहरुले प्रभु बैंकमा लिएको ऋणको ब्याज सहितको रकम, कर्मचारीहरुलाई तलब दिने रकम, फाउण्डेशनको बिजुली बत्तीको रकम समेत सम्पुर्ण कारोबारहरु मैले चुक्ता गर्ने र उक्त राम जानकी फाउण्डेशन प्रा.लि.जनकपुरको नाममा रहेको शेयर धनीहरुको शेयर बापतको रकम लोन स्विकारे बापत तिर्न नपर्ने भनि हामीहरु बिच कुराकानी भई सोही अनुसार हामीहरुले छलफल गरी कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा गई रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.को नाममा रहेको शेयरहरु शेयर धनीलाई रकम तिर्न नपर्ने गरी मेरो नाममा नामसारी भएको हो । जाहेरवाला प्रदिप प्रसाद पाठकको ग्रुपले म बाट रामजानकी फाण्डेशन खरिद गरी फाण्डेशनको नामबाट ऋण लिई ऋण तिर्न नसके पश्चात निजहरुले लिएको ऋणको चुक्ता मैले गर्ने निजहरुको नामको शेयरको रकम जाहेरवाला समेतलाई शेयरको रकम बुझाउन नपर्ने गरी मैले लिने भनि सहमती भएको हुँदा सोही सहमती बमोजिम गरेका हौँ । जाहेरवालालाले राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को नामबाट बैंक बाट ऋण लिई बैंकमा ऋण नतिरेको, फाउण्डेशनको बिजुली बत्तीको रकम नतिरेको, फाउण्डेशनको कर्मचारीहरुलाई तलव नदिएको हुँदा सो को सम्पुर्ण हिसाब मैले तिर्ने, सम्पुर्ण ऋणहरु मैले तिर्ने र निजको नामको प्रति शेयर रु.१००।-को दरले ८,००,००० शेयरको मुल्य रु.८,००,००,०००।- (अक्षरुपी आठ करोड) रकमको शेयरको रकम मैले तिर्नु नपर्ने गरी मैले लिने भनि हामी बिच सहमती भएको हुँदा सोही सहमती बमोजिम मैले शेयर लिएको हुँ । जाहेरवालालाई मैले रकम दिनु पर्ने छैन भन्ने समेत ब्यहोराको प्रतिवादी ओम प्रसाद पाठकले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

**३. <u>बुझिएका मानिसको घटना विवरण कागजः</u>**

**क) <u>रमेश मान प्रधानको कागजः</u>**

जाहेरवाला प्रदिप प्रसाद पाठक मेरो छिमेकी साथी भएकोले निजलाई म राम्ररी चिन्छु । प्रतिवादी ओम प्रसाद पाण्डेलाई मैले चिनेको छैन । जाहेरवालाले मलाई राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.(हाल कम्पनी) को जाहेरवालाको नाममा रहेको प्रति कित्ता रु.१००।–को दरले ८,००,०००।–कित्ता शेयर रहेको र उक्त शेयर बराबरको रकम रु.८,००,००,०००।–(आठ करोड) को शेयर (कित्ता नं.६१,५०,८६१ देखि कित्ता नं.६९,५०,८६०) सम्म आफ्नो नाममा रहेको भन्ने बताएका थिए । पछि निज जाहेरवालालाई रकमको अभाव भएकोले शेयर बिक्री गर्न खोज्दा प्रतिवादी ओम प्रसाद पाण्डेले म उक्त शेयरहरु खरिद गर्छु भनेकोले जाहेरवाला शेयर बिक्री गर्न राजी भएकोले निज प्रतिबादी सँग रकम बुझेको भन्ने कागज गरी प्रतिवादीले शेयर वापतको रकम रु.८,००,००,०००।–(आठ करोड) रकम जाहेरवालाको बैंक खातामा डिपोजिट गर्ने भनी सहमति कागज भए तापनि निजले लामो समय सम्म रकम जम्मा नगरेको, नदिएको हुँदा जाहेरवालाले रकम माग्दा विभिन्न बहाना गर्दै झुलाउँदै आएकोले जाहेरवालाले पुन: भेटी रकम माग गर्दा तेरो शेयर कम्पनी रजिष्ट्रार कार्यालयवाट मेरो नाममा दा.खा.भएकोले रकम दिन्न, जे गर्न सक्छस गर भनेको भनी मलाई जाहेरवालाले बताए पश्चात थाहा भएको हो । निज आफुले आर्थिक लाभ लिने उद्देश्यले जाहेरवालालाई कुनै किसिमको जानकारी नगराई कम्पनी रजिष्ट्रार कार्यालयवाट जाहेरवालाको नाममा रहेका शेयरहरु आफ्नो नाममा दा.खा.समेत गराएको भन्ने मैले पछि थाहा जानकारी पाएको हो । यसरी जाहेरवालालाई ललाई फकाई

झुक्याई जाहेरवालाको नाममा रहेको प्रति कित्ता रु.१००।–को दरले ८,००,०००।–शेयर (कित्ता नं.६१,५०,८६१ देखि कित्ता नं.६९,५०,८६०) सम्मको शेयर रहेको र उक्त शेयर बराबरको रकम रु.८,००,००,०००।–(आठ करोड) रहेको। प्रतिवादीले विभिन्न बहानामा खरिद गर्ने भनी कागज समेत गराई रकम नदिई जाहेरवालाको रु.८,००,००,०००।–(आठ करोड) ठगी गरेको हुँदा निज प्रतिवादीलाई पक्राउ गरी ठगी सम्वन्धि कसूर मुद्दामा कानून बमोजिम कारवाही गरी जाहेरवालालाई कानून बमोजिम क्षतिपुर्ति समेत दिलाई भराई दिनु पर्छ भनी रमेश मान प्रधानले गरेको घटना विवरण कागज।

**ख)** **<u>बलराम प्रसाद गुप्ताले गरेको घटना विवरण कागज</u>**:

यसमा जाहेरवाला प्रदिप प्रसाद पाठकलाई म चिन्दिन। नाम मात्र सुनेको छु । प्रतिवादी ओम प्रसाद पाण्डेलाई मैले राम्रो संग चिन्दछु। जानकि मेडिकल फाउण्डेसनको बैंकमा ऋण भएकोले प्रदिप प्रसाद पाठकले बैंकमा तिर्नु पर्ने दायित्व स्वरुप शेयर हस्तान्तरण गरेका हुन। शेयर खरिद बिक्रि गर्दा कुनै पैशा दिने भनि सम्झौता भएको होईन। जाहेरवालाको नाममा रहेको प्रति कित्ता रु.१००।–को दरले ८,००,०००।–कित्ता शेयर रहेको र उक्त शेयर बराबरको रकम रु.८,००,००,०००।–(आठ करोड) को शेयर (कित्ता नं.६१,५०,८६१ देखि कित्ता नं.६९,५०,८६०) सम्म आफ्नो नाममा भएको शेयर बैंकमा तिर्नु पर्ने दायित्व बराबर लिने भनेर जाहेरवालाले प्रतिवादीलाई हस्तान्तरण गरेका हुन। मिति २०७५ साल जेष्ठ महिना १९ गते जाहेरवाला प्रदिप प्रसाद पाठकले आजैका मिति देखि भोग चलन गर्न पाउने गरी प्रतिवादी ओम प्रसाद पाण्डेको नाममा राजिनामा लिखत गराउदाँ गरेको हस्ताक्षर मेरो हो चिनि सनाखत गरि दिए , सो राजिनामा लिखतमा जाहेरवालाले मेरो अगाडी हस्ताक्षर गरेको होईनन प्रतिवादी ओम प्रसाद पाण्डेको वकिलले ल्याई हस्ताक्षर गराएका हुन। बैंकमा रहेको पुरा ऋण ओम प्रसाद पाण्डेले तिर्ने र शेयर आफेले लिने सर्तमा शेयर हस्तान्तरण गरेका हुन। यदी कुनै किसिमिले प्रतिवादी ओम प्रसाद पाण्डेले ठगी गरेका रहेछन भने निजलाई कानून बमोजिम होस भन्ने समेत ब्यहोराको बलराम प्रसाद गुप्ताले गरी दिएको घटना विवरण कागज।

ग) **<u>सुभाष कुमार सिंहले गरेको घटना विवरण कागज</u>**:

जाहेरवाला प्रदिप प्रसाद पाठक र प्रतिवादी ओम प्रसाद पाण्डे दुवै जनालाई मैले राम्रो सँग चिन्दछु। जाहेरवाला प्रदिप प्रसाद पाठक समेतले राम जानकी फाउण्डेशनको नाममा प्रभु बैंक केन्द्रिय कार्यालयबाट ऋण लिएकोमा चुक्ता गर्न नसके पश्चात जाहेरवाला र प्रतिवादीहरुलाई प्रभु बैंकका कर्मचारीले बोलाए पश्चात म समेत प्रभु बैंक बबरमहलमा गएको हुँ। प्रभु बैंकमा गए पश्चात जाहेरवाला र प्रतिवादी बिच छलफल हुँदा जानकी मेडिकल फाउण्डेसनको बैंकमा भएको ऋण र जानकी फाउण्डेशनका कर्मचारीहरुलाई तलव समेत र अन्य दायित्वहरु प्रतिवादीले चुक्ता गर्नु पर्ने र फाउण्डेशनमा भएको जाहेरवालाको रु.८,००,००,०००।- (अक्षरुपी आठ करोड) को शेयर प्रतिवादीले लिने भनि कुरा भएको हो। कुरा भए पश्चात सोही अनुसार सोही बेलामा नै जाहेरवालाका पक्षहरु र प्रतिवादीहरुका पक्षहरु बसी छलफल गरे पश्चात जाहेरवालाले रकम पाई सकेको भनि कागज गरी प्रतिवादी ओम प्रसाद पाण्डेलाई दिनु भएको हो। मिति २०७५ साल जेष्ठ महिना १९ गते जाहेरवाला प्रदिप प्रसाद पाठकले आजैका मिति देखि भोग चलन गर्न पाउने गरी प्रतिवादी ओम प्रसाद पाण्डेको नाममा राजिनामा लिखत गराउदाँ मेरो नामको अगाडीको हस्ताक्षर मैले गरेको हुँ। हेरी चिन्ही सनाखत गरी दिएँ। सो राजिनामा लिखतमा जाहेरवालाले मेरो अगाडी हस्ताक्षर गरेका हुन। बैंकमा रहेको पुरा ऋण ओम प्रसाद पाण्डेले तिर्ने र

शेयर आफैले लिने सर्तमा शेयर हस्तान्तरण गरेका हुन। यदी कुनै किसिमिले प्रतिवादी ओम प्रसाद पाण्डेले ठगी गरेका रहेछन भने निजलाई कानून बमोजिम होस भन्ने समेत ब्यहोराको सुभाष कुमार सिंहले गरी दिएको घटना विवरण कागज।

घ) **राजेश थापाले गरेको घटना विवरण कागज**:

जाहेरवाला प्रदिप प्रसाद पाठक र ओम प्रसाद पाठकलाई म राम्ररी चिन्छु। जाहेरवालाको नाममा रहेको राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि. को सम्पुर्ण रकम चुक्ता भएको शेयर ८००००० (शेयर नं.६१५०८६१ देखि ६९५०८६०) प्रतिवादी ओम प्रसाद पाण्डे सँग खरिद गर्ने सहमति भए पश्चात दुबै जना कम्पनी रजिष्ट्रार कार्यालयमा उपस्थित भई सनाखत गरे पश्चात मात्र रकम चेक मार्फत लिनेदिने सहमति भएकोले जाहेरवालाले पटक-पटक अनुरोध गर्दा समेत निज प्रतिवादीले झुलाउँदै आएकोले कम्पनि रजिष्ट्रार कार्यालयमा जाहेरवाला गई बुझ्दा जाहेरवालाको नाममा भएका शेयर प्रतिवादीको नाममा दा.खा.भएको सम्वन्धमा मेरो सत्य साँचो व्यहोरा यो छ कि राम जानकी मेडिकल फाउण्डेसनको नाममा प्रभु बैंक लगायत बिभिन्न पार्टीहरुलाई दिनु पर्ने ऋण थियो। मिति २०७५ साल आषाढ १८ गते ओम प्रसाद पाण्डे र तत्कालिन अध्यक्ष डिल्लिराज पौडेल र म राजेश थापा प्रबन्ध संचालकको हैसियतले कम्पनिको शेयर धनि किताबमा उल्लेख भए बमोजिम कायम राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि. का ८७ % शेयरको कुल मुल्य रू.१,७३,६४,००,००० ।-(एक अर्ब त्रीहत्तर करोड चौसठ्ठी लाख) रुपैया कायम गरिएको हुदाँ उक्त मुल्यमा शेयर खरिद बिक्री गर्न हामि दुबै पक्षको मंजुरी रहेको छ भनि सही छाप गरी शेयर हस्तान्तरण गरेका थियौं। मेरो जानकी मेडिकल फाउण्डेसनमा ३७,६०,००० कित्ता शेयर (मुल्य रू सैतिस करोड साठ्ठी लाख) बराबरको शेयर थियो। राम जानकि मेडिकल फाऊण्डेसन केही समय बन्द भएकोले ऋणमा थियो। बैंकको ऋण, कर्मचारिको तलब, पार्टिको बक्यौता रकम चुक्ता गर्ने लगायतका शिर्षकमा प्रतिवादी ओम प्रसाद पाण्डेले कर्जा सकार्ने सहमति भएको थियो। जाहेरवाला प्रदिप प्रसाद पाठकले के कुन तरिकाले ओम प्रसाद पाण्डे बिरूद्द ठगी मुद्दामा जाहेरी दिएका हुन थाहा भएन। यदि कुनै अन्य कुराले निज प्रतिवादीले जाहेरवालालाई ठगी सम्वन्धि कसूर गरेका भएमा कानून बमोजिम कारवाही गरी जाहेरवालालाई कानून बमोजिम क्षतिपुर्ति समेत दिलाई भराई दिनु पर्छ भन्ने समेत ब्यहोराको राजेश थापाले गरी दिएको घटना विवरणवरण कागज।

## अभियुक्त उपरको अभियोगः

जिल्ला प्रहरी परिसर टेकु, काठमाडौंबाट अनुसन्धानको कार्य सम्पन्न गरी निर्णयार्थ पेश हुन आएको सक्कल मिसिल संलग्न प्रदिप प्रसाद पाठकले पेश गरेको जाहेरी दरखास्त, जाहेरी दरखास्त साथ पेश भएको कम्पनी रजिष्ट्रार कार्यालयको पत्र समेतका विभिन्न कागजातहरु, जाहेरवाला प्रदिप प्रसाद पाठकले पेश गरेको निवेदन, विभिन्न बैंकहरुवाट प्राप्त जाहेरवालाको बैंक खाताको बैंक स्टेटमेण्ट समेतका कागजातहरु, प्रतिवादी ओमप्रसाद पाण्डेको बयान, घट्ना विवरण कागज गर्ने सन्दर्भमा बुझिएका मानिसहरु समेतको आधार प्रमाणहरूबाट प्रतिवादी ओमप्रसाद पाण्डेले आर्थिक लाभ लिने उद्देश्य लिई विभिन्न जाल प्रपञ्च रची जाहेरवालाको नाममा रहेका राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि. को कित्ता नं.६१,५०,८६१ देखि कित्ता नं.६९,५०,८६० सम्मका ८,००,०००।–(आठ लाख) कित्ता शेयर लिने भनी उक्त शेयर बराबरको प्रति कित्ता रु. १०० का दरले हुने रकम रु.८,००,००,०००।–(आठ करोड) मा खरिद गर्छु भनी विश्वास दिलाई तत्काल रकम नदिई रकम लिई सकेको

भनी कागज समेत गराई र सो पश्चात जाहेरवालाले आफुले पाउनु पर्ने रकम रु.८,००,००,०००।–(आठ करोड) जाहेरवाला प्रदिप प्रसाद पाठकले निज प्रतिवादी ओम प्रसाद पाण्डेसँग पटक-पटक माग गर्दा आज दिन्छु भोली दिन्छु भनी विभिन्न बहाना बनाई आलटाल गर्दै आएकोमा जाहेरवालाले पुन: रकम माग गर्दा तिम्रो शेयरहरु मेरो नाममा कम्पनी रजिष्ट्रार कार्यालयवाट दाखिला खारेज भई सकेकोले म रकम दिन्न जे गर्न सक्छस् गर भनी विभिन्न धाक धम्की समेत दिई जाहेरवालालाई कुनै किसिमको जानकारी नगराई कम्पनी रजिष्ट्रार कार्यालय समेतबाट शेयर आफ्नो नाममा दाखिला खारेज गराई सो शेयर वापतको रकम जाहेरवालालाई नदिई झुक्याई बेईमानी नियत राखि प्रतिवादीले आर्थिक लाभ लिएको देखिँदा प्रतिवादीले गरेको ठगी सम्बन्धी कसुरको वारदात स्थापित हुन आयो।

अब, प्रतिवादीको कसूरजन्य कार्यको आधारमा अभियोजन निर्णयतर्फ विचार गर्दा, मेरो नाममा कायम रहेको राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि. को ८,००,००० कित्ता (कि.नं.६१,५०,८६१ देखि ६९,५०,८६० सम्म) शेयर खरिद विक्री सम्बन्धमा ओम प्रसाद पाण्डेले परल मुल्य रु.१०० का दरले खरिद गर्ने सहमती भई खरिद विक्रीको स्विकृतको लागि मिति २०७५।०३।१० मा कम्पनीमा निवेदन गरेकोमा कम्पनीको सञ्चालक समितिको मिति २०७५।०३।११ को बैठकले खरिद विक्रीको अनुमती प्रदान गरेको थियो । कम्पनीको शेयर खरिद विक्री अनुमती बमोजिम खरिद विक्रीको लिखत गर्ने क्रममा प्रति शेयर रु.१००।-को दरले जम्मा रु.८,००,००,०००/-(अक्षरुपी आठ करोड मात्र) कम्पनी रजिष्ट्रारको कार्यालयमा शेयर लगत प्रमाणीत तथा अभिलेख गर्ने क्रममा सनाखत गरे पश्चात मात्र रकम दिने र रकमको व्यवस्था भए पछि दुवै पक्ष कम्पनी रजिष्ट्रारको कार्यालयमा उपस्थित भई शेयरको रकम चेक मार्फत लिने दिने सहमती भएको थियो । उक्त शेयर खरिद विक्रीको लिखत पश्चात शेयर खरिदकर्ता ओम प्रसाद पाण्डेसँग फोन तथा भेटेर शेयरको रकम भुक्तानी गर्नुहोस् भनी पटक पटक अनुरोध गर्दा समेत केही समय पर्खनु होस् मेरो रकम आउँदैछ रकम आउने वित्तिकै भुक्तानीको व्यवस्था गरौँला सोही समयमा तपाईले शेयर विक्री सम्बन्धी कागजात समेत कम्पनी रजिष्ट्रारको कार्यालयमा सनाखत गरी दिनु होला भन्ने गर्नु हुन्थ्यो । यसै क्रममा मिति २०७९/१२/१० गते शेयर खरिदकर्ता ओम प्रसाद पाण्डेलाई भेटी शेयर खरिद विक्रीको कागज गरेको लामो समय भयो मेरो शेयरको रकम दिनुहोस् अन्यथा कानून बमोजिम अगाडि बढने जानकारी गराएकोमा रिसायर तपाईको शेयर मेरो नाममा कम्पनी रजिष्ट्रारको कार्यालयवाट नामसारी दाखिला खारेज भई सकेको छ रकम दिन्न । सकेको गर्नुहोस् भन्नु भएकोले शेयरको स्थिती बुझ्न कम्पनी रजिष्ट्रारको कार्यालयबाट कागजात सारी लिँदा मेरो शेयर खरिदकर्ता ओम प्रसाद पाण्डेको नाममा नामसारी दाखिला खारेज भई मिति २०७५।३।२८ गते शेयर लगत प्रमाणित तथा अभिलेख भएको देखियो । विपक्षीले मेरो नाममा रहेको राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को १००।- दरको ८,००,००० थान शेयर खरिद गरी भुक्तानी गर्नुपर्ने रु.८,००,००,०००/-(अक्षरुपी आठ करोड) शेयर पछि भुक्तानी गर्ने विश्वास दिलाएकोमा भुक्तानी नगरी ठगी गरेकोले कानून बमोजिम कारवाही गरी मेरो ठगिएको रकम र सोको कानून बमोजिम हर्जना समेत दिलाई भराई पाउँ भनी **प्रदिप प्रसाद पाठकको जाहेरी दरखास्त** रहेकोमा उक्त जाहेरी व्यहोरालाई समर्थन गरिएको बुझिएका मानिस रमेशमान प्रधान समेतले गरेको घटना विवरण कागजले वारदातलाई थप पुष्टि गरेको छ।

मौकामा बुझिएका बलराम प्रसाद गुप्ताले जानकि मेडिकल फाउण्डेसनको बैंकमा ऋण भएकोले प्रदिप प्रसाद पाठकले बैंकमा तिर्नु पर्ने दायित्व स्वरुप शेयर हस्तान्तरण गरेका हुन । शेयर खरिद बिक्रि गर्दा कुनै प◌ेशा दिने भनि सम्झौता भएको होईन । जाहेरवालाको नाममा रहेको प्रति कित्ता रु.१००।–को दरले ८,००,०००।–कित्ता शेयर रहेको र उक्त शेयर बराबरको रकम रु.८,००,००,०००।–(आठ करोड) को शेयर (कित्ता नं.६१,५०,८६१ देखि कित्ता नं.६९,५०,८६०) सम्म आफ्नो नाममा भएको शेयर बैंकमा तिर्नु पर्ने दायित्व बराबर लिने भनेर जाहेरवालाले प्रतिवादीलाई हस्तान्तरण गरेका हुन◌् । मिति २०७५ साल जेष्ठ महिना १९ गते जाहेरवाला प्रदिप प्रसाद पाठकले आजैका मिति देखि भोग चलन गर्न पाउने गरी प्रतिवादी ओम प्रसाद पाण्डेको नाममा राजिनामा लिखत गराउदाँ गरेको हस्ताक्षर मेरो हो । बैंकमा रहेको पुरा ऋण ओम प्रसाद पाण्डेले तिर्ने र शेयर आफेले लिने सर्तमा शेयर हस्तान्तरण गरेका हुन । यदी कुनै किसिमिले प्रतिवादी ओम प्रसाद पाण्डेले ठगी गरेका रहेछन भने निजलाई कानून बमोजिम होस◌् भनी कागज गरिदिएका छन् भने मौकामा बुझिएका अर्का कम्पनीका संचालक राजेश थापाले राम जानकी मेडिकल फाउण्डेसनको नाममा प्रभु बैंक लगायत बिभिन्न पार्टीहरुलाई दिनु पर्ने ऋण थियो । मिति २०७५ साल आषाढ १८ गते ओम प्रसाद पाण्डे र तत्कालिन अध्यक्ष डिल्लिराज पौडेल र म राजेश थापा प्रबन्ध संचालकको हैसियतले कम्पनिको शेयर धनि किताबमा उल्लेख भए बमोजिम कायम राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि. का ८७ % शेयरको कुल मुल्य रू.१,७३,६४,००,००० ।-(एक अर्ब त्रीहत्तर करोड चौसठ्ठी लाख) रुपैया कायम गरिएको हुदाँ उक्त मुल्यमा शेयर खरिद बिक्री गर्न हामि दुबै पक्षको मंजुरी रहेको छ भनि सही छाप गरी शेयर हस्तान्तरण गरेका थियौँ । मेरो जानकी मेडिकल फाउण्डेसनमा ३७,६०,००० कित्ता शेयर (मुल्य रू सैतिस करोड साठ्ठी लाख) बराबरको शेयर थियो । राम जानकि मेडिकल फाऊण्डेसन केही समय बन्द भएकोले ऋणमा थियो । बैंकको ऋण, कर्मचारिको तलब, पार्टिको बक्यौता रकम चुक्ता गर्ने लगायतका शिर्षकमा प्रतिवादी ओम प्रसाद पाण्डेले कर्जा सकार्ने सहमति भएको थियो । जाहेरवाला प्रदिप प्रसाद पाठकले के कुन तरिकाले ओम प्रसाद पाण्डे बिरूद्द ठगी मुद्दामा जाहेरी दिएका हुन थाहा भएन । यदि कुनै अन्य कुराले निज प्रतिवादीले जाहेरवालालाई ठगी सम्वन्धि कसूर गरेका भएमा कानून बमोजिम कारवाही गरी जाहेरवालालाई कानून बमोजिम क्षतिपुर्ति समेत दिलाई भराई दिनु पर्छ भनी कागज गरिदिएका छन् भने मौकामा बुझिएका मानिस सुबास कुमार ठाकुरले पनि सोही व्यहोराको कागज गरिदिएको देखिन्छ ।

प्रतिवादी ओम प्रसाद पाण्डेले बयान गर्दा मैले संचालन गरेको रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.मैले जाहेरवाला प्रदिप प्रसाद पाठकको ग्रुपलाई उधारोमा मिति २०७२ साल असाढ महिनामा बिक्रि गरेको हुँ । बिक्रि गर्दाको अवस्थामा फाउण्डेशनको ऋण रु.१८ करोड जति थियो । उक्त रकमको ऋण प्रभु बैंक लि.मा जाहेरवाला प्रदिप प्रसाद पाठक समेतको ग्रुपले बैंकमा ऋण तिर्ने भनि कुरा भए पनि निजहरुले ऋण नतिरी सोही फाउण्डेसनको नाममा प्रभु बैंकबाट विभिन्न शिर्षकहरु राखि रु.१७३ करोड ऋण लिई फाउण्डेसन चलाउन नसकी बैंकको ऋण समेत नतिरे पश्चात सो कुरा प्रभु बैंकले जाहेरवाला प्रदिप प्रसाद पाठकको ग्रुपलाई जानकारी गराई फाउण्डेसनको ऋण चुक्ता गर्नु होस्, नगरे उक्त फाउण्डेशन लिलामी प्रकृयामा जानेछ भनि जाहेरवाला समेतलाई बैंकले जानकारी गराई बैंकका कर्मचारीले प्रदिप प्रसाद पाठक लगायत निजको ग्रुप र मलाई प्रभु बैंक लि.केन्द्रिय कार्यालय बबरमहलमा बोलाउँदा हामीहरु प्रभु बैंक लि.को केन्द्रिय कार्यालयमा

पुगेका थियौँ। बैंकका कर्मचारीहरु, म ओम प्रसाद पाण्डे र जाहेरवाला प्रदिप प्रसाद पाठकको ग्रुप बिच छलफल हुँदा उक्त फाउण्डेशन पुन मैले संचालन गर्ने, फाउण्डेशनको नाममा बैंकमा रहेको ऋण, निजहरुले संचालन गर्दा कर्मचारीहरुलाई नदिएको तलब, बिजुली बत्तीको रकम समेत मैले बुझाउने गरी मैले पुन संचालन गर्ने भनि हामीहरु बिच प्रभु बैंक लि.मा कुराकानीहरु भएको थियो । निजहरुले प्रभु बैंकमा लिएको ऋणको ब्याज सहितको रकम, कर्मचारीहरुलाई तलब दिने रकम, फाउण्डेशनको बिजुली बत्तीको रकम समेत सम्पुर्ण कारोबारहरु मैले चुक्ता गर्ने र उक्त राम जानकी फाउण्डेशन प्रा.लि.जनकपुरको नाममा रहेको शेयर धनीहरुको शेयर बापतको रकम लोन स्विकारे बापत तिर्न नपर्ने भनि हामीहरु बिच कुराकानी भई सोही अनुसार हामीहरुले छलफल गरी कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा गई रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.को नाममा रहेको शेयरहरु शेयर धनीलाई रकम तिर्न नपर्ने गरी मेरो नाममा नामसारी भएको हो । मैले जाहेरवालालाई रु.८,००,००,०००।- (अक्षरुपी आठ करोड) रकम तिर्नु बुझाउनु पर्ने छैन् भनी कसुरमा इन्कार रही बयान गरेता पनि मिति २०७५।०३।१८ मा उक्त कम्पनी खरिद बिक्री सम्बन्धमा गरिएको सम्झौता पत्रमा जाहेरवालाको हस्ताक्षर तथा निजको सहमती रहेको पाइँदैन।

अतः मिसिल संलग्न प्रदिप प्रसाद पाठकको किटानी जाहेरी दरखास्त, कम्पनी रजिष्ट्रार कार्यालयको पत्र समेतका विभिन्न कागजातहरु, विभिन्न बैंकहरुवाट प्राप्त जाहेरवालाको बैंक खाताको बैंक स्टेटमेण्ट समेतका कागजातहरु, प्रतिवादी ओमप्रसाद पाण्डेको बयान, घट्ना विवरण कागज गर्ने सन्दर्भमा बुझिएका मानिसहरु समेतको आधार प्रमाणहरूबाट प्रतिवादी ओमप्रसाद पाण्डेले आर्थिक लाभ लिने उद्देश्य लिई विभिन्न जाल प्रपञ्च रची जाहेरवालाको नाममा रहेको राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि. को प्रति कित्ता रु. १०० का दरले रु.८,००,००,०००।–(आठ करोड) मा खरिद गर्छु भनी कित्ता नं.६१,५०,८६१ देखि कित्ता नं.६९,५०,८६० सम्मका ८,००,०००।–(आठ लाख) कित्ता शेयर लिने भनी भनी विश्वास दिलाई तत्काल रकम नदिई रकम लिई सकेको भनी कागज गरी रकम लिएको भर्पाइ कागजमा सनाखत समेत गराई सो पश्चात जाहेरवालाले आफुले पाउनु पर्ने रकम रु.८,००,००,०००।–(आठ करोड) प्रतिवादी ओम प्रसाद पाण्डेसँग जाहेरवालाले पटक-पटक माग गर्दा समेत नदिई आज दिन्छु भोली दिन्छु भनी विभिन्न बहाना बनाई आलटाल गरेपछि जाहेरवालाले पुन: उक्त रकम माग गर्दा तिम्रो शेयरहरु मेरो नाममा कम्पनी रजिष्ट्रार कार्यालयवाट दाखिला खारेज भई सकेकोले म रकम दिन्न जे गर्न सक्छस् गर भनी विभिन्न धाक धम्की समेत दिई जाहेरवालालाई कुनै किसिमको जानकारी नगराई कम्पनी रजिष्ट्रार कार्यालय समेतबाट शेयर आफ्नो नाममा दाखिल खारेज गराई सो शेयर वापतको रकम जाहेरवालालाई नदिई झुक्याई आफूहरु मिली सम्झौता समेत गरी बेईमानीको नियत राखि प्रतिवादीले ८,००,०००।–(आठ लाख) कित्ता शेयर हस्तान्तरण गर्न लगाई आर्थिक लाभ लिएको हुँदा प्रतिवादी ओम प्रसाद पाण्डेले गरेकोले उक्त कार्य मुलुकी अपराध संहिता २०७४ को दफा २४९ को उपदफा (१) विपरित ऐ. को उपदफा (२) अन्तरगतको ठगी सम्बन्धी कसूर गरेको स-प्रमाण पुष्टी हुन आयो।

## अभियुक्तलाई हुनुपर्ने सजायः

बिरुद्ध खण्डमा उल्लिखित प्रतिवादी ओम प्रसाद पाण्डेले जाहेरवालालाई ठगी गरेको रु.८,००,००,०००।–(आठ करोड) रकम ठगी गरी मुलुकी अपराध संहिता २०७४ को दफा २४९ को उपदफा

(१) विपरित ऐ. को उपदफा (२) अन्तरगतको ठगी सम्बन्धी कसूर गरेको हुँदा **निज प्रतिवादी** ओम प्रसाद पाण्डे**लाई सोही संहिताको दफा २४९ को उपदफा (३) को खण्ड (ग) बमोजिम सजाय हुन** मागदावी लिई सक्कल मिसिल र पक्राउ प्रतिवादी ओम प्रसाद पाण्डेलाई यसै अभियोगपत्र साथ पेश गरिएको व्यहोरा व्यहोरा सादर अनुरोध छ ।

**सजाय कम वा सजायमा छुटको मागदावी र आधारः**

**क्षतिपूर्तिको मागदावीः**

जाहेरवाला प्रदिप प्रसाद पाठकको ठगी भएको विगो रकम रु.८,००,००,०००।–(आठ करोड) प्रतिवादी ओम प्रसाद पाण्डेबाट जाहेरवाला प्रदिप प्रसाद पाठकलाई **मुलुकी अपराध संहिता, २०७४ को दफा २५४ बमोजिम** दिलाई भराई पाउन मागदावी लिईएको छ।

साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसूरदारबाट पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाउन समेत सादर अनुरोध छ।

**अभियोग दावीसँग सम्बन्धित कानूनी व्यवस्थाः**

**मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ मा "ठगी गर्न नहुनेः**

(१) कसैले ठगी गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले कसैलाई कुनै कुराको विश्वास दिलाएकोमा सो बमोजिम नगरी वा फकाई, झुक्याई वा अन्य कुनै किसिमले धोका दिई कुनै काम गरी वा गर्नबाट रोकी त्यस्तो व्यक्ति वा अन्य कसैलाई बेइमानीपूर्वक कुनै किसिमको हानि, नोक्सानी वा क्षति पुर्याएमा वा आफ्नो वा अरु कसैको लागि कुनै लाभ प्राप्त गरेमा निजले ठगी गरेको मानिनेछ।

(३) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछः

(ग) खण्ड (क) वा (ख) मा लेखिएदेखि बाहेक अन्य कुनै किसिमले ठगी गरेमा सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना।

**दफा २५४. क्षतिपूर्ति** : यस परिच्छेद बमोजिमको कसूरबाट कसैलाई हानि, नोक्सानी पुगेको रहेछ भने त्यस्तो कसूरदारबाट विगो खुलेकोमा बिगो असूल गरी पीडितलाई भराई दिनु पर्नेछ र विगो नखुलेकोमा पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ।

**अन्य कुरा खुलाउनुपर्ने भए सो कुराहरुः**

- प्रस्तुत मुद्दामा अन्य व्यक्तिहरु समेतको संलग्नता रहेको भनि एकिन प्रमाण सहित पछि खुली आएका बखत **मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ३५** बमोजिम थप दावी लिई अभियोगपत्र पेश गरिने व्यहोरा समेत अनुरोध छ।
- अनुसन्धानको क्रममा माग गरिएको पत्रहरुको जवाफ हाल सम्म प्राप्त नभएको हुँदा प्राप्त हुना साथ पेश गरिने व्यहोरा अनुरोध छ।

**सबुद/प्रमाण :**

**दशी प्रमाण तथा कसूरसंग सम्बन्धी चिज वस्तु:**

**गवाह** : **जाहेरवाला:** प्रदिप प्रसाद पाठक।

**देख्ने/सुन्ने** : **बुझिएका मानिसहरु:** रमेश मान प्रधान, बलराम प्रसाद गुप्ता, सुभाष कुमार सिंह, राजेश थापा।

**प्रस्तुत कागजातहरु:**

१. मिति २०८०।०६।०६ गतेको प्रदिप प्रसाद पाठकले पेश गरेको जाहेरी दरखास्त पाना-३ र कम्पनी रजिष्ट्रार कार्यालयको पत्र लगायतका कागजातहरु पाना-१२ समेत गरी पाना-१५।
२. मिति २०८०।०६।१५ गतेको कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरलाई लेखिएको पत्र।
३. मिति २०८०।०६।२१ गतेको कम्पनी रजिष्ट्रार कार्यालयको पत्र समेत पाना-२५।
४. मिति २०८०।०६।२२ गतेको कम्पनी रजिष्ट्रार कार्यालयलाई लेखिएको पत्र।
५. मिति २०८०।०७।१४ गतेको कम्पनी रजिष्ट्रार कार्यालयको पत्र समेत पाना-२।
६. मिति २०८०।०८।०४ गतेको अनुसन्धान अधिकृत तोकिएको पत्र र आचार संहिता पाना-२।
७. मिति २०८०।०८।०४ गतेको प्रारम्भिक प्रतिवेदन।
८. मिति २०८०।०८।०४ गतेको नेपाल राष्ट्र बैंकलाई लेखिएको पत्र।
९. मिति २०८०।०८।११ गतेको प्रदिप प्रसाद पाठकले पेश गरेको निवेदन।
१०.मिति २०८०।०८।११ गतेको प्राईम कमर्शियल बैंकलाई लेखिएको पत्र।
११.मिति २०८०।०८।११ गतेको सनराईज बैंकलाई लेखिएको पत्र।
१२.मिति २०८०।०८।११ गतेको नेपाल एस.बि.आई.बैंकलाई लेखिएको पत्र।
१३.मिति २०८०।०८।११ गतेको नेपाल ईन्भेष्टमेण्ट बैंकलाई लेखिएको पत्र।
१४.मिति २०८०।०८।११ गतेको एन.आई.सि.एसिया बैंकलाई लेखिएको पत्र।
१५.मिति २०८०।०८।११ गतेको नेपाल बैंकलाई लेखिएको पत्र।
१६.मिति २०८०।०८।११ गतेको ग्लोबल आई.एम.ई.बैंकलाई लेखिएको पत्र पाना-२।
१७.मिति २०८०।०८।१४ गतेको नेपाल बैंक लि.को पत्र र बैंक स्टेटमेण्ट समेतका कागजातहरु पाना-२१।
१८.मिति २०८०।०८।१२ गतेको प्राईम कमर्शियल बैंकको पत्र र बैंक स्टेटमेण्ट लगायतका कागजातहरु पाना-६६।
१९.मिति २०८०।०८।१३ गतेको एन.आई.सि.एसिया बैंकको कागजातहरु पाना-१६।
२०.मिति २०८०।०८।१४ गतेको ग्लोबल आई.एम.ई.बैंकको पत्र र बैंक स्टेटमेण्ट समेत पाना-६।
२१.मिति २०८०।०९।०५ गतेको नेपाल एस.बि.आई.बैंकको पत्र समेत पाना-४।
२२.मिति २०८०।०८।१४ गतेको ग्लोबल आई.एम.ई.बैंकको पत्र समेत पाना-६।
२३.मिति २०८०।०९।०८ गतेको पक्राउ अनुमतिको लागी लेखिएको पत्र।
२४.मिति २०८०।०९।१२ गतेको मानिस पक्राउको लागी लेखिएको पत्र।
२५.मिति २०८०।१२।२१ गतेको मानिस पक्राउको लागी लेखएको पत्र।
२६.मिति २०८०।१२।२१ गतेको कल विवरण अनुमतिको लागी लेखिएको पत्र।

२७.कल विवरण पाना-३ ।
२८.मिति २०८१।०१।२३ गतेको भुमी व्यवस्थापन तथा अभिलेख विभाग बबरमहललाई लेखिएको पत्र।
२९.मिति २०८१।०१।२३ गतेको नेपाल राष्ट्र बैंकलाई लेखिएको पत्र।
३०.मिति २०८१।०१।२५ गतेको भुमी व्यवस्थापन तथा अभिलेख विभाग बबरमहलको पत्र।
३१.मिति २०८१।०१।१८ गतेको जिल्ला प्रशासन कार्यालय धनुषा समेतलाई लेखिएको पत्र।
३२.मिति २०८१।०१।३० गतेको रमेश मान प्रधानले गरेको घटना विवरण कागज पाना-२ ।
३३.मिति २०८१/०२/०७ गतेको पुन अनुसन्धान अधिकारी तोकिएको पत्र।
३४.मिति २०८१/०२/२२ गतेको जिल्ला सरकारी वकिल कार्यालय काठमाण्डौको निर्देशन पत्र।
३५.मिति २०८१/०२/२४ गतेको ईन्भेष्टमेन्ट मेघा बैंक लि.लाई लेखेको पत्र।
३६.मिति २०८१/०२/२४ गतेको लुम्विनि बिकास बैंक लि.लाई लेखेको पत्र।
३७.मिति २०८१/०२/२४ गतेको कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौलाई लेखेको पत्र।
३८.मिति २०८१/०२/२४ गतेको जिल्ला प्रहरी कार्यालय धनुषा र महोत्तरीलाई मानिस उपस्थितको लागि लेखेको पत्र।
३९.मिति २०८१/०२/३० गतेको प्रदिप प्रसाद पाठकको निबेदन।
४०.मिति २०८१/०२/३० गतेको विवरण माग गर्नको लागि लेखेको पत्रमा सदर अनुमती पत्र।
४१.मिति २०८१/०३/०४ गतेको प्रहरी बृत गौशला काठमाण्डौलाई लेखेको पत्र।
४२.९८१९८९२७६६ नम्बरको कल बिबरणहरु पाना -४२ ।
४३.मिति २०८१/०३/०६ गतेको पक्राउ पुर्जि र पक्राउ गरी दाखिला गरेको प्रतिबेदन।
४४.मिति २०८१/०३/०६ गतेको स्वास्थ्य परिक्षणको लागि पठाईएको पत्र र रिपोर्टहरु समेत पाना ५ ।
४५.मिति २०८१/०३/०६ गतेको ओम प्रसाद पाण्डेको नामको थुनुवा पुर्जि।
४६.मिति २०८१/०३/०७ गतेको पहिलो पटक म्याद थप अनुमतीको लागि लेखेको पत्र।
४७.मिति २०८१/०३/०७ गतेको जि.स.व.का.काठमाण्डौले म्याद थप अनुमतीको लागि लेखेको पत्र।
४८.मिति २०८१/०३/०९ गतेको कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौको पत्र पाना २ ।
४९.मिति २०८१/०३/०९ गतेको नेपाल धितोपत्र बोर्ड खुमलटारलाई लेखेको पत्र।
५०.मिति २०८१/०३/०९ गतेको नेपाल राष्ट्र बैंकलाई खाता रोक्काको लागि लेखेको पत्र।
५१.मिति २०८१/०३/०९ गतेको जग्गा जमिन रोक्काको लागि भुमिसुधार व्यवस्थापन विभागलाई लेखेको पत्र।
५२.मिति २०८१/०३/०९ गतेको सि आर एस शाखा काठमाण्डौलाई अभिलेख हेर्नको लागि लेखेको पत्र।
५३.मिति २०८१/०३/०९ गतेको सि आर एस शाखाको पत्र।
५४.मिति २०८१/०३/१० गतेको बलराम प्रसाद गुप्ताले गरी दिएको कागज र ना.प्र.को छायाँकपी
५५.मिति २०८१/०३/१० गतेको प्रतिवादीलाई बयान कार्यको लागि उपस्थित गराईएको पत्र।
५६.मिति २०८१/०३/१० गतेको प्रतिवादी ओम प्रसाद पाण्डेको बयान कागज पाना ८ ।
५७.मिति २०८१/०३/१० गतेको कम्पनी रजिष्ट्रारको कार्यालयको पत्र र संलग्न कागजात।
५८.मिति २०८१/०३/१० गतेको सुभाष कुमार सिंहले गरेको कागज पाना २ र संलग्न ना.प्र.को.छायाँकपी।

५९.मिति २०८१/०३/११ गतेको दोस्रो पटक म्याद थप अनुमतीको लागि लेखेको पत्र र जि.स.व.का.काठमाण्डौको पत्र ।

६०.मिति २०८१/०३/११ गतेको राजेश थापाले गरी दिएको घटना विवरण कागज पाना २ ।

**यो अभियोगपत्रबाट कारवाही सुरू गर्न अनुरोध गरिन्छ ।**

**कार्यालयको छापः**

**सरकारी वकीलकोः**

**दस्तखतः**..............................

**नामः** केदार कुमार अधिकारी

**दर्जाः** जिल्ला न्यायाधिवक्ता

**कार्यालयः** जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं ।

**मितिः** २०८१।०३।१४ गते रोज ६ शुभम् ।